# मानव अधिकार अवस्थाको मासिक विश्लेषण

(मासिक विश्लेषण-कात्तिक, २०७८)[1]

नेपालको पहिलो मानव अधिकार समाचार पोर्टल inseconline.org मा प्रकाशित समाचार अनुसार ०७८ कात्तिक महिनामा मानव अधिकार उल्लङ्घन तथा ज्यादतीका घटनाबाट १ सय ४ जना महिला र १ सय २७ जना पुरुष गरी २ सय ३१ जना पीडित भए । प्रकाशित समाचार अनुसार बागमती प्रदेशमा १ सय ३४, प्रदेश १ मा २२, लुम्बिनी प्रदेशमा २१, प्रदेश २ मा २०, कर्णाली प्रदेशमा १८, गण्डकी प्रदेशमा १४ र सुदूरपश्चिम प्रदेशमा दुई जना पीडित भए ।

कात्तिक महिनामा प्रहरीले १५ जना महिलासहित १ सय १९ जनालाई गिरफ्तार गरेको समाचार प्रकाशन गरिएको छ । प्रहरीले सर्वोच्च अदालत परिसरमा नेपाल बार आबद्ध अधिवक्ताहरूले प्रधानन्यायाधीशको राजिनामा माग गर्दै गरिएको प्रदर्शनमा र नेत्रविक्रम चन्द (विप्लव) नेतृत्वको नेपाल कम्युनिष्ट पार्टीले कात्तिक ३० गते आह्वान गरेको नेपाल बन्दका क्रममा सो पार्टीका कार्यकर्तालाई गिरफ्तार गरेको हो । त्यसैगरी यो अवधिमा १३ जना घाइते, अमानवीय व्यवहारबाट एक जना, दुर्व्यवहारको घटनामा एक जना, जातीय विभेदको घटनामा एक जना र बम विष्फोटनमा परी दुई जना घाइते भएका समाचार प्रकाशन गरिएको छ । कात्तिक महिनामा कारागारमा एक जनाको मृत्यु भएको छ भने पतिद्वारा ६ जना पत्नीको हत्या भएको छ । त्यसैगरी बलात्कारपछि एक जनाको हत्या भएको समाचार इन्सेक अनलाइनमा प्रकाशित छ ।

प्रदेशका आधारमा पीडित सङ्ख्या (२०७८ कात्तिक)

| प्रदेश | महिला | पुरुष | जम्मा |
|---|---|---|---|
| १ | १५ | ७ | २२ |
| २ | १५ | ५ | २० |
| बागमती | ३० | १०४ | १३४ |
| गण्डकी | ११ | ३ | १४ |
| लुम्बिनी | २१ | | २१ |
| कर्णाली | १० | ८ | १८ |
| सुदूरपश्चिम | २ | | २ |
| **जम्मा** | **१०४** | **१२७** | **२३१** |

कात्तिकमा प्रकाशित समाचारमध्ये बाल अधिकार उल्लङ्घनका घटनामा परी ३४ जना बालबालिका पीडित भए । प्रकाशित समाचारमध्ये बलात्कारका घटनामा २३ जना बालिका पीडित भए भने यौन दुर्व्यवहारका घटनामा तीन जना बालकसहित ११ जना पीडित भए ।




महिला अधिकार उल्लङ्घनका घटनामा ४७ जना पीडित भए । जसमा बलात्कारका घटनामा १९ जना, बलात्कार प्रयासका घटनामा १० जना, यौन दुर्व्यवहारका घटनामा सात जना, 'बोक्सी'को आरोपमा चार जना, बेचबिखनका घटनामा दुई जना र घरेलु हिंसाका घटनामा चार जना महिला पीडित भए । ६

कात्तिक महिनामा मात्रै पीसीआर विधिबाट १ लाख ९२ हजार १ सय २ ओटा स्वाब परीक्षण गरिएकोमा १२ हजार १ सय १२ जनामा कोभिड पुष्टि भएको छ । स्वास्थ्य तथा जनसङ्ख्या मन्त्रालयले जारी गरेको तथ्याङ्कलाई आधार मानी विश्लेषण गर्दा कात्तिक महिनामा परीक्षण गरिएका स्वाबमध्ये ६ प्रतिशतमा कोभिड सङ्क्रमण पुष्टि भएको छ । कात्तिक

---

[1] इन्सेकले विगत २९ वर्षदेखि नेपालको मानव अधिकार अवस्थाबारे अभिलेख गर्नुका साथै यसको प्रसार गरिरहेको छ । देशका ७७ जिल्लामा रहेका इन्सेकका जिल्ला प्रतिनिधिमार्फत इन्सेकले मानव अधिकार उल्लङ्घन र ज्यादतीका घटनाको अभिलेख गर्ने गरिन्छ । यसैगरी, मानव अधिकार अवस्थाको दैनिक अभिलेख तथा प्रसार गर्ने उद्देश्यले इन्सेकले www.inseconline.org मार्फत हरेक दिन नेपालको मानव अधिकार अवस्थासम्बन्धी समाचार प्रकाशन गर्दै आएको छ । यो मासिक विश्लेषण इन्सेकअनलाइनमा प्रकाशित समाचारहरूको आधारमा तयार पारिएको हो । इन्सेकले अघिल्लो महिनाको मानव अधिकार अवस्थालाई समेटेर हरेक महिनाको ७ गतेभित्र मासिक प्रतिवेदन प्रकाशन गर्दै आएको छ ।

मानव अधिकार उल्लङ्घन तथा ज्यादतीका घटनाहरूका आधारमा मानव अधिकार अवस्थाको सार्वजनिकीकरण गरी सरोकारवाला निकायलाई जवाफदेही बनाउने, पीडितलाई न्याय र पीडकलाई कानुन अनुसार कारबाहीका लागि पैरवी गर्ने र मानव अधिकार अवस्थाका बारेमा जान्न चाहनेहरूका लागि यो मासिक विश्लेषण उपयोगी हुने हामीले अपेक्षा गरेका छौं ।

१ गते निको दर ९७.१ प्रतिशत थियो भने कात्तिक ३० गते ९७.७ प्रतिशत निको दर छ । कात्तिक महिनामा १ सय ८९ जना कोभिड सङ्क्रमितको मृत्यु भएको छ । कात्तिक ३० गतेसम्म ११ हजार ४ सय ८२ जनाको मृत्यु भएको मन्त्रालयद्वारा जारी तथ्याङ्कमा उल्लेख छ। कात्तिक महिनामा ११ लाख ५३ हजार ८ सय ४३ जनालाई पूर्ण खोप प्रदान गरेको मन्त्रालयले जनाएको छ । कात्तिक ३० गतेसम्म ७६ लाख २४ हजार ३८ जनालाई पूर्ण खोप दिइएको छ। कोभिड-१९ सम्बन्धी दैनिक अपडेट तथा साप्ताहिक विश्लेषण इन्सेक अनलाइनमा उपलब्ध छ।[3]




नेपाली जनताको विकास, समृद्धि तथा मानव अधिकारमैत्री एवम् जबाफदेही शासनको अपेक्षामा हाल देखिएका संस्थागत अराजकताले गम्भीर आघात पुग्ने भन्दै इन्सेकले सर्वोच्च अदालतमा देखिएको अन्योलता अन्त्यको माग गरेको छ । इन्सेककी अध्यक्ष डा. इन्दिरा श्रेष्ठद्वारा कात्तिक ३० गते जारी विज्ञप्तिमा सर्वोच्च अदालतका प्रधानन्यायाधीशबाट नै न्यायालयमा बेथिति निम्त्याइएको आरोपमा न्यायाधीशहरू आन्दोलनमा लाग्नु अत्यन्त गम्भीर विषय भएको उल्लेख गरिएको छ ।

विज्ञप्तिमा नेपालको संविधानले न्यायपालिकाको गरिमा, महत्व र आचरणका बारेमा स्पष्ट उल्लेख गरेको स्मरण गराइएको छ । विभिन्न आठ ओटा सरोकार राख्दै इन्सेकले न्यायिक सम्पादनमा भइरहेको ढिलाइले आम नागरिकको अधिकार कुण्ठित हुने हुँदा समस्याको समयमा नै समाधान गर्न सरोकारवालालाई आग्रह गरेको छ । ***हेर्नुहोस् इन्सेकले जारी गरेको प्रेस विज्ञप्ति***

*२०७८ मङ्सिर ७ गते*
इमेलः inseconline@insec.org.np
वेबसाइटः www.inseconline.org, www.insec.org.np

[3] http://inseconline.org/np/%e0%a4%95%e0%a5%8b%e0%a4%ad%e0%a4%bf%e0%a4%a1-%e0%a5%a7%e0%a5%af/
इन्सेकले जारी गरेको प्रेस विज्ञप्ति
https://inseconline.org/np/press-release/